वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान बुलेटिन

# सेरोफेरो

SEROPHERO

अंक १४-२०८०।०८।१ | २०८० श्रवाण

**Statement of patients flow for the month of Ashad 2080**

| OPD | Total Reg | Fullow up Within 10 days (~25%) | Grand Total |
|---|---|---|---|
| GENERAL PRACTICE & EMERGENCY MEDICINE | **3755** | **939** | **4694** |
| **SPECIAL OPD** | | | |
| PAEDIATRICS & ADOLESCENT MEDICINE | 3595 | 899 | 4494 |
| INTERNAL MEDICINE | 7096 | 1774 | 8870 |
| OBSTETRICS & GYNAECOLOGY | 5934 | 1484 | 7418 |
| SURGERY | 5097 | 1274 | 6371 |
| CARDIOLOGY | 1562 | 391 | 1953 |
| GASTRO-ENTEROLOGY & HEPATOLOGY | 1212 | 303 | 1515 |
| PULMONARY,CRITICAL CARE & SLEEP MEDICINE | 774 | 194 | 968 |
| DENTAL | 2908 | 727 | 3635 |
| DERMATOLOGY & VENEREOLOGY | 3946 | 987 | 4933 |
| ENT OTORHINOLARYNGOLOGY & HEAD & NECK SURGERY | 3301 | 825 | 4126 |
| OPHTHALMOLOGY | 1435 | 359 | 1794 |
| ORTHOPAEDICS | 5831 | 1458 | 7289 |
| PSYCHIATRY | 1745 | 436 | 2181 |
| OTHER DEPARTMENT in Midas software ( Come for Investigation purpose only) | 1006 | 252 | 1258 |
| CARDIO THORACIC AND VASCULAR SURGERY (CTVS) | 138 | 35 | 173 |
| ANAESTHESIOLOGY & CRITICAL CARE | 73 | 18 | 91 |
| **Sub Total** | **45653** | **11413** | **57066** |
| **EMERGENCY** | | | |
| CENTRAL | 5657 | 0 | 5657 |
| GYNAE /OBSTETRICS | 1214 | 0 | 1214 |
| PAEDIATRIC | 1702 | 0 | 1702 |
| **Sub Total** | **8573** | 0 | **8573** |
| **Grand Total :** | **57981** | **12352** | **70333** |
| Paying (EHS) | 3326 | 709 | 4035 |
| Nepal Govt Social Insurance | 19884 | 4236 | 24120 |
| Other Scheme | 34771 | 7407 | 42178 |
| **Ward IPD** | **4131** | 0 | **4131** |
| *ICU/CCU/DICU/SICU* | **230** | | |
| *NICU/PICU/MICU/Nursery* | **132** | | |
| *Dialysis* | **1402** | | |

*Source: Medical Record Section / Matron Office*

## प्रा.डा.कार्कीलाई का.मु. उपकुलपतिको जिम्मेवारी



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको मिति २०८०।३।१७ गतेको माननीय मन्त्री तथा सहकुलपतिस्तरीय निर्णयानुसार प्रतिष्ठानका वरिष्ठ शिक्षक तथा मुटुरोग विषेशज्ञ प्रा.डा.प्रहलाद कार्कीलाई वी.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको कायम मुकायम उपकुलपतिको जिम्मेवारी तोकिएको छ ।

वहाँले भारतको मेरठ स्थित Lala Lalpat Rai Memorial Medical College (LLRM) बाट सन् १९८६ मा चिकित्सा शास्त्रमा स्नातक (MBBS) तथा चण्डीगढ स्थित Post Graduate Institute of Medical Education and Research (PGIMER) बाट सन् १९९२ मा मेडिसिन विषयमा स्नाकोत्तर (MD) गर्नु भएकोछ । वहाँले सन् २००७ मा भारतबाट Fellowship of Indian College of Cardiology (FICC), सन् २००९ मा अमेरिकाबाट Fellowship of American College of Cardiology (FACC), सन् २०१५ मा बेलायतबाट Fellowship of European Society of Cardiology (FESC), सन् २०२० मा Fellowship of Royal College of Physician (FRCP) का साथै अमेरिकाबाट सन् २०२१ मा Fellowship of American College of Physician (FACP) गर्नुभएको छ ।

प्रा.डा.कार्कीले ईन्टर्नल मेडिसिन विभागको प्रमुखका रुपमा लामो समय कार्य गरिसक्नु भएको र हाल कार्डियोलोजी विभागको प्रमुख रहनु भएको छ । वहाँले प्रतिष्ठानको अस्पताल निर्देशकको जिम्मेवारी सम्हाल्नुका साथै संचालक परिषद्, प्राज्ञिक समिति, अनुसन्धान समितिको सदस्यको हैसियतले समेत प्रतिष्ठानको विकासमा योगदान पुऱ्याउनु भएको छ ।

लामो समयदेखि चिकित्सा क्षेत्रमा पुऱ्याउदै आउनु भएको उल्लेखनिय योगदानका लागि वहाँलाई नेपाल सरकारले "सुप्रवल जनसेवाश्री" जस्तो गरिमामय पदकबाट समेत विभूषित गरिसकेको छ ।

## प्रतिष्ठानमा छुट्टै डेंगी क्लिनिक तथा डेंगी अस्पताल संचालनमा

हाल सुनसरी जिल्लाको धरान लगायत वरपरका अन्य जिल्लाहरुमा व्यापकरुपमा फैलिदै गएको डेंगी (Dengue Fever) रोगको प्रकोपको नियन्त्रण तथा

### हार्दिक अनुरोध

समाचारजन्य जानकारी, कार्यक्रम, स्वास्थ्य सम्बन्धी लेख, रचना आदि सूचना तथा संचार केन्द्रमा उपलब्ध गराई दिनुहुन सम्पूर्ण शिक्षक, चिकित्सक, कर्मचारी, विद्यार्थीवर्ग एवम् सम्बद्ध सबैमा हार्दिक अनुरोध गर्दछौं । कृपया आफ्ना सामाग्रीहरुको Soft copy पठाउँदा Kantipur Font मा पठाई दिनुहुन पनि अनुरोध गर्दछौं ।

\- सूचना तथा सञ्चार केन्द्र

सर्वसाधारणले सहजरुपमा उपचार पाउन सकुन् भन्ने उद्देश्यले प्रतिष्ठानमा २०८० असार २९ गतेदेखि जी.ओ.पी.डी. भवन अगाडि छुट्टै डेंगी क्लिनिक संचालनमा ल्याइएको छ । उक्त क्लिनिक संचालनका लागि प्रतिष्ठानबाट चिकित्सक, नर्स, पारामेडिक्स लगायत अन्य जनशक्तीको व्यवस्था गरिएको छ भने धरान उपमहानगरपालिकाले डेंगी परिक्षण Kit -(६०० थान) उपलब्ध गराउनुका साथै उपचारका लागि आउने सर्वसाधारणका लागि टेन्ट, कुर्सीको व्यवस्था गरेको छ । त्यसैगरी नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडेमियोलोजी तथा रोग नियन्त्रण महाशाखा, काठमाडौंले २ हजार थान डेंगु परिक्षण Kit उपलब्ध गराएको छ भने प्रदेश स्वास्थ्य मन्त्रालयबाट ५० थान फ्लुल प्राप्त भएको छ । हप्ताको सातै दिन संचालनमा रहने उक्त क्लिनिक आइतबार देखि शुक्रबारसम्म बिहान ८ बजेदेखि बेलुकी ६ बजेसम्म र शनिबार बिहान ९ बजेदेखि १२ बजेसम्म संचालनमा रहने छ । क्लिनिकमा आउने विरामीहरुका लागि डेंगुको परिक्षण निःशुल्करुपमा गरिने व्यवस्था गरिएको छ ।



प्रतिष्ठानले डेंगी बिरामीको बढ्दो चाप र अन्य विरामीहरुको सहज उपचारलाई मध्यनजर गरि २०८० श्रावण ७ गतेदेखि कोभिड अस्पताल रहेको भवनमा हाललाई ३० वेडको छुट्टै डेंगी अस्पताल संचालनमा ल्याएको छ । प्रतिष्ठानको ईन्टर्नल मेडिसिन विभाग अन्तर्गत रहने उक्त वार्डको संचालनको प्रमुखमा विभागका प्रमुख डा.रबिन मास्के रहनु भएको छ भने सम्पर्क व्यक्तिका रुपमा जेनेरल

प्राक्टिस तथा ईमर्जेन्सी मेडिसिन विभागका डा.परमेन्द्र प्रसाद गुप्ता, एनेस्थेसियोलोजी विभागकी डा.रिया सिंह तथा ईन्टर्नल मेडिसिन विभागका डा.रंजित कुमार दास रहनुभएको छ । त्यसैगरी उक्त वार्डको नर्सिङ्ग ईन्चार्जको जिम्मेवारी पुनिता यादवलाई तोकिएको छ।

## डेंगी रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी दुईदिने अभिमुखिकरण कार्यकम सम्पन्न



नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोलोजी तथा रोग नियन्त्रण महाशाखाले विश्व स्वास्थ्य संगठनको सहयोगमा प्रतिष्ठानको अडिटोरियममा २०८० श्रावण ५ र ६ गते सुनसरी जिल्लाभरिका विभिन्न स्वास्थ्य निकायका स्वास्थ्यकर्मी तथा कर्मचारीहरु, स्थानिय अस्पताल तथा पोलिक्लिनिकहरुका प्रतिनिधीहरुलाई डेंगी रोग नियन्त्रण तथा व्यवस्थापन सम्बन्धी दुईदिने अभिमुखिकरण कार्यकमको आयोजना गरेको थियो । धरान लगायत सुनसरी जिल्ला भरि दिनानुदिन द्रुतगतीमा बढ्दो डेंगी रोगको नियन्त्रण र व्यवस्थापन गर्ने विषयमा केन्द्रित उक्त अभिमुखिकरण कार्यकममा नेपाल सरकार स्वास्थ्य सेवा विभागका निर्देशक डा.दिपेन्द्र रमण सिंह, इपिडिमियोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा.रुद्र प्रसाद मरासिनी तथा भेक्टर बर्न डिजिज शाखाका प्रमुख डा.गोकर्ण दाहाल लगायतका टोली, कोशी प्रदेश स्वास्थ्य सचिव सुधा देवकोटा, कोशी प्रदेश स्वास्थ्य निर्देशनालयका निर्देशक ज्ञान बहादुर बस्नेत, सुनसरी जिल्ला जनस्वास्थ्य प्रमुख सागर प्रसाईं, सहिद शुकराज शास्त्री ट्रपिकल अस्पताल, टेकुका चिफ कन्सल्टेन्ट फिजिसियन डा.विमर्श शर्मा चालिसे, विश्व स्वास्थ्य संगठनका प्रतिनिधीहरु, Fairmed का प्रतिनिधीहरुको उपस्थिती थियो । कार्यकममा प्रतिष्ठानका तर्फबाट शिक्षाध्यक्ष प्रा.डा.संजीव कुमार शर्मा, अस्पताल निर्देशक डा.जगत नारायण प्रसाद, विभागीय प्रमुखहरु, शिक्षक चिकित्सकहरु, वार्ड इन्चार्ज तथा नर्सहरु मेडिकल रेकर्ड शाखाका प्रमुख तथा कर्मचारीहरु, इन्टर्नल मेडिसिन, कम्यूनिटी मेडिसिन विभागका जुनियर रेसिडेन्टहरु लगायत एम.पी.एच. मा अध्ययनरत विद्यार्थीहरु आदिको उपस्थिती रहेको थियो । उक्त कार्यकमको अध्यक्षता डा.रुद्र प्रसाद मरासिनीले गर्नुभएको थियो भने प्रमुख अतिथीमा डा.दिपेन्द्र रमण सिंह रहनुभएको थियो । कार्यकमको संचालन डा. गोकर्ण दाहालले गर्नुभएको थियो ।

कार्यकमको पहिलो दिन, उपस्थित विज्ञहरुले कार्यकममा डेंगी रोगको नियन्त्रण, उपचार र व्यवस्थापनका बारेमा प्रस्तुतीकरण दिनुभएको थियो । यसैकममा, डा.रुद्र प्रसाद मरासिनीले नेपालमा विगतदेखि हालसम्मको डेंगी रोगको तथ्यांक प्रस्तुत गर्नुभएको थियो । वहाँले डेंगी रोग नियन्त्रणमा विगत देखि हालसम्म नेपाल सरकारले सामना गर्नुपरेको चुनौती तथा सोको व्यवस्थापनका लागि खेलेको भूमिका बारे बताउनु भयो । त्यसैगरी डा.दिपेन्द्र रमण सिंहले उपस्थित स्वास्थकर्मीहरुलाई डेंगी रोगसँग लड्न उत्प्रेरित गर्दै आफ्नो तर्फबाट आवश्यक सहयोग गर्ने बताउनु भयो । शिक्षाध्यक्ष प्रा.डा.संजिव कुमार शर्माले डेंगी रोग लाग्नबाट बच्न अपनाउनु पर्ने सावधानी तथा उपायहरुबारे प्रकाश पार्नु भयो । प्रतिष्ठानको ईन्टर्नल मेडिसिन विभागका प्रमुख डा.रबिन मास्केले डेंगी रोगको जटिलता, उपचार पद्धती, व्यवस्थापन सम्बन्धी प्रस्तुतिकरण गर्नुभएको थियो भने माइक्रोबायोलोजी विभागका प्रमुख डा.नारायण राज भट्टराईले डेंगी रोगको प्रकार र प्रकृती बारे बताउँदै हाल धरानमा देखिएका दुई प्रकारका डेंगीका लामखुट्टे फरक फरक क्षेत्र वा एकै क्षेत्रका हुन् सो सम्बन्धी विस्तृत अध्ययन गरी डेंगी रोग नियन्त्रण गर्न आवश्यक रहेको बारे जोड दिनु भयो । उक्त कार्यकममा सहभागिहरुले डेंगी रोगको नियन्त्रण, उपचार र व्यवस्थापन सम्बन्धमा राखेका जिज्ञासाहरुलाई डा.विमर्श शर्मा चालिसेले सरलरुपमा प्रष्ट्याउनु भएको थियो । कार्यकमको

अन्त्यमा प्रतिष्ठानका अस्पताल निर्देशक डा.जगत नारायण प्रसादले स्वास्थ्य मन्त्रालय, इपिडिमियोलाजी तथा रोग नियन्त्रण महाशाखा र धरान उपमहानगरपालिकालाई डेंगी परिक्षण Kit लगायत अन्य आवश्यकीय सहयोग गरे वापत धन्यवाद दिंदै आगामी दिनमा पनि डेंगी नियन्त्रण, उपचार र व्यवस्थापनका लागि सहकार्य र सहयोग प्राप्त भई नै रहने विश्वास व्यक्त गर्नुभयो ।

कार्यक्रमको दोश्रो दिन, सुनसरी जिल्लाका विभिन्न गाउँ पालिका, नगरपालिका, उपमहानगरपालीका मेयर/उपमेयरहरु तथा त्यहाँका स्वास्थ्य शाखाका प्रमुखहरु, नेपाल रेडक्रस सोसाइटीका अध्यक्ष, उद्योग वाणिज्य संघका अध्यक्ष, धरानका विभिन्न वार्डका टोल सुधार समितिका अध्यक्षहरु, पत्रकारहरु समेतको उपस्थिती रहेको थियो । कार्यक्रममा उपस्थित मेयर/उपमेयरहरु तथा अन्य जनप्रतिनिधीहरुले स्थानिय तहमा आफुले डेंगी नियन्त्रण तथा रोकथामका लागि गरिएको उपाय तथा कदमहरुको बारेमा जानकारी गराउँदै डेंगी रोग नियन्त्रणका लागि **खोज र नष्ट गर (Search and Destroy)** भन्ने सबैभन्दा प्रभावकारी उपाय हुने निष्कर्ष निकाल्दै सोलाई सबैले आ-आफ्नो तह र क्षेत्रमा अवलम्बन गर्ने अठोटसहित कार्यक्रमको समापन भएको थियो ।

## मस्तिष्क जागरूकता सप्ताह (Brain Awarness Week) सम्पन्न

२०८० आषाढ २ देखि ६ गतेसम्म मस्तिष्क जागरूकता सप्ताह (Brain Awareness Week) विभिन्न कार्यक्रमको आयोजना गरी मनाइयो । प्रतिष्ठानको ह्युमन एनाटोमी विभाग, रोट्रयाक्ट क्लब अफ धरान र International Brain Research Organization (IBRO) र Dana Foundation को सहकार्य र सहयोगमा आयोजित उक्त कार्यक्रमको उद्देश्य विद्यार्थी एवम् सर्वसाधारणमा मस्तिष्क स्वास्थ्य र शिक्षा बारेमा सचेतना फैलाउनु रहेको थियो । उक्त सप्ताहको

आरम्भ सरस्वती बाल आश्रममा आयोजित एक सचेतना कार्यक्रमबाट गरिएको थियो । सो अवसरमा आश्रमका विद्यार्थीहरूलाई मानव मस्तिष्कको बारेमा जानकारी दिनुका साथै उनीहरुलाई आफ्नो स्मरणशक्ति र एकाग्रता कसरी बृद्धि गर्ने समेत बताइएको थियो । यसै गरी, Carmel High School का विद्यार्थीहरूका लागि प्रतिष्ठानको ह्युमन एनाटोमी विभागमा मस्तिष्कका विभिन्न अंग र तिनका कार्यहरू बारे प्रदर्शन र जानकारी गराइएको थियो । यी दुवै विद्यालयमा चित्रकला प्रतियोगिताको आयोजना गरी विजेताहरूलाई पुरस्कार प्रदान गरिएको थियो ।



कार्यक्रमको अन्तिम दिन, २०८० आषाढ ६ गते प्रतिष्ठानको अडिटोरियमा आयोजित मस्तिष्क सम्बन्धी सेमिनार (Brain Colloquium) मा सहभागिताका लागि आवेदन गरेकाहरुमध्ये ६० जना सहभागीहरुलाई छनौट गरिएको थियो । उक्त अवसरमा डा.भूपेन्द्र शाह, डा.आलोक दाहाल र डा.विवेक रौनियारले आ-आफ्नो प्रस्तुतिकरण पेश गर्नुभएको थियो । यस क्रममा वहाँहरुले आफ्ना अनुभव, सिकाई आदि कुराहरूको चर्चा गर्नुभएको थियो ।

## शिवजट्टा खानेपानी मुहान क्षेत्र सरसफाई तथा वृक्षारोपण कार्यक्रम

प्रतिष्ठानको आयोजना तथा सिभिल ईन्जिनियरिङ्ग शाखाको व्यवस्थापनमा धरानको शिवजट्टा खानेपानी मुहान क्षेत्रमा सरसफाई तथा वृक्षारोपण अभियानको थालनी गरिएको छ । यस अभियान अन्तर्गत असार महिनाको हरेक शनिबार विभिन्न कार्यक्रमहरु गरिएको छ ।

यस कार्यक्रमको मुख्य उदेश्य शिवजट्टा मुहानबाट निस्केको शुद्ध तथा स्वच्छ पानीलाई संरक्षण र प्रदुषणरहित प्रतिष्ठानसम्म पुऱ्याउनु हो । यसै सिलसिलामा अभियानको प्रारंभ गर्दै शिवजट्टा समाज, धरानको सह आयोजनामा पहिलो शनिबार असार २ गते मुहानसम्म जाने गोरेटो बाटोको मर्मतसम्भार तथा सरसफाई गरिएको थियो भने दोश्रो शनिबार असार ९ गते मुहान क्षेत्रको सरसफाई गरि विभिन्न स्थानमा सचेतनामूलक होडिङ्ग बोर्डहरु राखिएको थियो ।



तेश्रो शनिबार असार १६ गते कार्यक्रमको संयोजन गरेको प्रतिष्ठान अफिसर्स क्लबले बन डिभिजन कार्यालय, धरानको सहयोगमा प्राप्त बांसको १ सय ५०, अम्बाको ५०, अमलाको ५०, तेजपत्ताको ५०, पारिजातको ५० वटा गरि ३ सय ५० वटा बिरुवा वृक्षारोपण गरेको थियो । सो अवसरमा प्रतिष्ठानका पूर्व शिक्षाध्यक्ष प्रा.डा.गुरु प्रसाद खनाल, डेपुटी अस्पताल निर्देशक डा.इन्द्र लिम्बू, क्लबका संयोजक ई.राकेश कुमार दास, क्लबका सदस्यहरु लगायत प्रतिष्ठानको चिकित्सक कल्याण समाज, कर्मचारी कल्याण समाज एवम् विद्यार्थी कल्याण समाजकाको सहभागिता रहेको थियो । कार्यक्रममा स्थानियको पनि उल्लेखनिय सहभागिता रहेको थियो । यसैगरी चौथो शनिबार असार २३ गते तथा अन्तिम शनिबार असार ३० गते पनि सरसफाई तथा वृक्षारोपणलाई निरन्तरता दिंदै अभियानको समापन भएको थियो ।

## प्रतष्ठिानमा Mediquiz Nepal 2023 सम्पन्न

प्रतिष्ठानमा राष्ट्रियस्तरको दुई दिने अन्तर मेडिकल कलेज हाजिरी जवाफ प्रतियोगिता (Mediquiz Nepal 2023) सफलतापूर्वक सम्पन्न भएकोछ । उक्त प्रतियोगिता प्रतिष्ठानको सहयोगमा BPKIHS Students Blood Donation Committee (BDC) ले विद्यार्थी कल्याण समाजको सहकार्यमा आयोजना गरेको थियो । चौथो संस्करणको सो प्रतियोगितामा वी.पी.कोइराला स्वास्थ्य

विज्ञान प्रतिष्ठान, धरान, इन्स्टिच्यूट अफ मेडिसिन, महाराजगंज, काठमाडौं, मनिपाल कलेज अफ मेडिकल साइन्सेस, पोखरा, नोबेल मेडिकल कलेज, बिराटनगर, यूनिभर्सल कलेज अफ मेडिकल साइन्सेस, भैरहवा, बिराट मेडिकल कलेज, बिराटनगर, नेपाल आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्सेस, काठमाडौं गरी ७ वटा मेडिकल कलेजका स्नातक तहमा अध्ययनरत तथा इन्टर्न डाक्टरहरुको ११ वटा टोलीको सहभागिता रहेको थियो ।




उक्त प्रतियोगितामा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समुह ए (Team A) का दिवाकर कोइराला, करुण भट्टराई र आशिष बानियाँले प्रथम स्थान हासिल गर्न सफल भएका छन् । त्यसैगरी नेपाल आर्मी इन्स्टिच्युट अफ हेल्थ साइन्सेस, काठमाडौंका अनुपमा मरासिनी, पवन जैसवाल तथा युवराज अधिकारीले दोस्रो स्थान र नोबेल मेडिकल कलेज, बिराटनगरका सौरभ पौडेल, उमेश शाह, गौरव सिंह साउदले तेश्रो स्थान हासिल गरेका छन् । उक्त प्रतियोगिताको निर्णायक मण्डलमा प्रा.डा.विष्णुहरि पौडेल, प्रा.डा.माधव लम्साल तथा डा.रबिन मास्के रहनुभएको थियो । कार्यक्रमको अध्यक्षता डा. रिता खड्काले गर्नुभएको थियो भने आयोजक समिती सदस्य-सचिवमा निरज चापागाँई रहनुभएको थियो । प्रतियोगिताको Quiz Master रहनुभएकी डा.कुमुद चापागाईले कार्यक्रमको संचालन गर्नुभएको थियो । प्रतियोगिताका विजयी प्रथम, दोश्रो र तेश्रो टोलीलाई नगद पुरस्कार, ट्रफी, मेडल र प्रमाणपत्र वितरण गरिएको थियो। यसै सिलसिलमा प्रतियोगितामा सहभागि सबै प्रतिस्पर्धीहरुलाई प्रमाणपत्र तथा उपहारहरु प्रदान गरिएको थियो । प्रतिष्ठानका का.मु. उपकुलपति प्रा.डा.प्रहलाद कार्कीले प्रतिष्ठानको तर्फबाट सहभागी भै प्रतियोगितामा प्रथम हुन सफल भएका टोलीका विद्यार्थीहरुलाई बधाई तथा शुभकामना दिनुभएको थियो ।

## ALUMNI OF BPKIHS
### प्रा.डा.पविना राणा रायमाझी: एक परिचय



प्रा.डा. पविना राणा रायमाझी प्रतिष्ठानको एम.बि.बि.एस. १९९५ ब्याजकी विद्यार्थी हुनुहुन्छ । हाल वहाँ चिकित्साशास्त्र अध्ययन संस्थान अन्तर्गतको टिचिङ्ग अस्पताल, महाराजगंजको नाक, कान, घाँटी विभागमा प्राध्यापक पदमा कार्यरत हुनुहुन्छ । प्रा.डा.रायमाझीले चिकित्साशास्त्र अध्ययन संस्थानबाट सन् २००६ मा नाक, कान, घाँटी विषयमा स्नातकोत्तर (एम.एस.) गर्नुभएको छ भने Madras ENT Research Foundation, Chennai, India बाट सन् २०१८ मा Implant otology मा Fellowship गर्नुभएको छ । वहाँले नेपालका विभिन्न सुदुर जिल्लाहरु लगायत बंगलादेश, कम्बोडिया तथा जंजिबार जस्ता देशहरुमा गरिएको नाक, कान, घाँटीको विभिन्न प्रकारका शल्यक्रिया सम्बन्धी स्वास्थ्य शिविरहरुमा सहभागि भै कार्य गर्नुभएको छ । वहाँ Society of Otolaryngologists of Nepal (SOL-Nepal) तथा Cochlear Implant Nepal Group (CING-Nepal) सदस्य हुनुहुन्छ । यसरी वहाँले चिकित्सा शिक्षा क्षेत्रमा बी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत ख्याति फैलाउनु भएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## इन्टर्नल मेडिसिन विभागमा थप सेवा विस्तार

प्रतिष्ठानको इन्टर्नल मेडिसिन विभागले बिरामीहरुको उपचारका लागि दिंइदै आएको विशिष्ट सेवाहरुमा थप विस्तार गरेको छ । उक्त बिभागले सन्धिवातिय रोग (Rheumatology) सम्बन्धी उपचारका लागि २०८० आषाढ ३१ गतेदेखि हप्ताको दुई दिन आईतबार र सोमबार क्लिनिक संचालनमा ल्याएकोछ । उक्त क्लिनकमा बाथरोग सम्बन्धी विषेशज्ञ डा.उज्जल प्रसाद रिसालले सेवा दिंदै आउनु भएको छ ।

## ALUMNI OF BPKIHS
### डा.रुद्र मरासनी: एक परिचय



डा. रुद्र प्रसाद मरासिनी प्रतिष्ठानको एम.बि.बि.एस. २००० ब्याजका विद्यार्थी हुनुहुन्छ । हाल वहाँ नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, इपिडिमियोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशकका रुपमा कार्यरत हुनुहुन्छ । वहाँले National Academy of Medical Sciences, Kathmandu, Nepal अन्तर्गतको National Trauma Center को निर्देशकका रुपमा २०७९ भाद २१ देखि २०८० जेष्ठ १८ सम्म कार्य गर्नुभएको हो। वहाँले Orthopedics and Trauma Surgery विषयमा स्नाकोत्तरको उपाधी लगायत Senior Executive Development Program (SEDP) तथा Fellowship in Spine Surgery को उपाधी समेत हासिल गर्नुभएको छ ।

डा.मरासिनीले नेपालको विभिन्न सरकारी तथा गैरसरकारी स्वास्थ्य संस्थाहरुमा आबद्ध भएर सेवा पुऱ्याउदै आउनु भएको छ । यसैक्रममा वहाँले विगतमा संखुवासभा जिल्लाको District Health Officer (DHO) तथा खाँदबारी अस्पतालको मेडिकल सुपेरिंटेण्डेण्टको हैसियतले कार्य गरिसक्नुभएको छ । वहाँले चितवनको भरतपुर अस्पतालको Consultant Orthopedics and Spine Surgeon का साथै Chief Medical Superintendent का रुपमा पनि कार्य गरिसक्नु भएको छ । त्यसैगरी वहाँले नेपाल सरकार, स्वास्थ्य तथा जनसंख्या मन्त्रालय मा Director Management Division को हैसियतले समेत कार्य गरिसक्नुभएको छ । यसरी वहाँले चिकित्सा शिक्षा क्षेत्रमा वी.पी.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठानको समेत ख्याति फैलाउनु भएकोमा प्रतिष्ठान परिवार वहाँलाई धन्यवाद व्यक्त गर्दै उज्वल भविष्यको लागि शुभकामना व्यक्त गर्दछ ।

## हार्दिक श्रद्धाञ्जली



**स्व.उषा बास्फोर**

**(जन्म: २०२१/०९/०४-मृत्यु: २०८०/०४/०३)**

कोशी अञ्चल, सुनसरी जिल्ला, धरान उपमहानगरपालिका, वडा नं. १८ मा जन्म भई प्रतिष्ठानमा स्थायी सेवा अन्तर्गत फोरमेन पदमा कार्यरत उषा बास्फोरको मिति २०८० साल श्रावण ३ गते बुधबारको दिन असामयिक निधन भएकोमा दिवंगत आत्माको चिरशान्ति एवम् यस दुःखको घडीमा शोक संतप्त परिवारलाई ईश्वरले धैर्य धारण गर्ने शक्ति प्रदान गरुन भन्ने कामना गर्दै प्रतिष्ठान परिवार हार्दिक समवेदना प्रकट गर्दछ ।

## Paying OPD Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednsday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Psychiatry** | Dr.Sanjeev Kumar Mishra | Dr.Suren Limbu | Dr.Suraj Nepal | Prof.Dr.Dhana Ratna Shakya | One of the 4 Psychiatrists | One of the 4 Psychiatrists |
| **Orthopaedics** | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Pashupati Chaudhary | Prof.Dr.Bikram P. Shrestha | Prof.Dr.Guru Psd. Khanal | Prof.Dr.Bikram P. Shrestha | Dr.Rajiv Maharjan |
| | Dr.Bishnu Pokhrel | Dr.Prosan P. Shah Kalawar | Dr.Rajiv Maharjan | Dr.Bishnu Pokhrel | Dr.Rosan P. Shaha Kalawar | Dr.Amit Limbu |
| | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Amit Limbu | Dr.Amit Bikram Shah | Dr.Jitendra Shah | Dr.Yam Bahadur Gurung |
| | Dr.Ashish Pandey | | Dr.Yam Bahadur Gurung | Dr.Ashish Pandey | | |
| **Internal Medicine** | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah | Dr.Bhupendra Shah | Dr.Robin Maskey | Dr.Bhupendra Shah |
| | | Dr.Bhupendra Shah | | | Dr.Bhupendra Shah | |
| **Cardiology** | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey | Dr.Navin Pandey |
| **Gastroenterology** | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya | Dr.Sandip Raj Bajracharya |
| **Pulmonary, Critical Care and Sleep Medicine** | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra | Dr.Deebya Raj Mishra |
| **Surgery** | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle | Prof.Dr.Rakesh Kr.Gupta/ Dr.Suresh P. Gupta/ Dr.Rikesh Jung Karki/ Dr.Sarada Khadka/ Dr.Rajesh P. Sah/ Dr.Rupesh P. Sah/ Dr.Abhijeet Kumar/ Dr.Nirmal P. Sah/ Dr.Alok Dahal/ Dr.Bhawani Khanal/ Dr.Samir Chaudhary/ Dr.Vijay Shrestha/ Dr.Awaj Kafle |
| **GI Surgery** | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary | Prof.Dr.Shailesh Adhikary |
| | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo | Dr.Kunal Bikram Deo |
| **CTVS** | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal | Dr.Lokesh Shrekhar Jaiswal |
| | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah | Dr.Bajay Sah |
| **ENT** | Dr.Shankar P. Sah | Dr.Sudeep Mishra | Dr.Deepak Paudel | Dr.Paras Raj Amatya | Dr.Shyam Thapa Chettri | |
| **Dertamatology** | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | Prof.Dr.Sudha Agrawal/ Dr.Dhan K. Khadka/ Dr.Nidhi Shah/ Dr.Prajwal Pandey | |
| **GP & Emergency Medicine** | Dr.Rajani Giri | Dr.Rabin Bhandari | Dr.Rabin Bhandari | Dr.Ashok Yadav | Dr.Ajay K. Yadav | |
| | Dr.Ajay K. Yadav | Dr.Masum Paudel | Dr.Masum Paudel | Dr.Pramendra P. Gupta | Dr.Ritesh Chaudhary | |
| | Dr.Ritesh Chaudhary | Dr.Ashok Yadav | Dr.Rajani Giri | Dr.Bajaya Devi Aryal | Dr.Vijay K. Shrivastaw | |
| | Dr.Bijaya Devi Aryal | Dr.Pramendra P. Gupta | Dr.Vijaya K. Shrivastaw | | | |
| **Obstetrics & Gynaecology** | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Achala Thakur | Dr.Achala Thakur | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa |
| | Dr.Punita Yadav | Dr.Manoj Kumar Sah | Dr.Surya Psd. Rimal | Dr.Jyotsna Yadav | Dr.Ramesh Shrestha | |
| **Paediatrics** | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta | Prof.Dr.Prakash Poudel/ Dr.Shipra Chaudhary/ Dr.Shankar P. Yadav/ Dr.Shyam P. Kafle/ Dr.Lokraj Shah/ Dr.Basant Rai/ Dr.Arun K. Singh/ Dr.Mukesh Bhatta |

***Source: Hospital Administration/Concerned Departments***

## OT Schedule of B.P. Koirala Institute of Health Sciences, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| **Ophthalmology (Eye)** | Dr.Shailesh Mani Pokharel | Prof.Dr. Poonam Lavaju | | Prof.Dr.Poonam Lavaju | Dr.Santosh Chaudhary | Prof.Dr.Poonam Lavaju |
| | Dr.Santosh Chaudhary | Dr.Sangita Shah | | Dr.Shailesh Mani Pokharel | | Dr.Sangita Shah |
| **Orthopedics** | TEAM – C | Rotation | TEAM – B | Rotation | TEAM - A | Rotation |
| | Prof.Dr.Bikram Psd. Shrestha | | Prof.Dr.Pashupati Chaudhary | | Prof.Dr.Guru Prasad Khanal | |
| | Dr.Rajiv Maharjan | | Dr.Rosa Prasad Shah Kalawar | | Dr.Bishnu Pokharel | |
| | Dr.Amit Limbu | | Dr. Jitendra Shah | | Dr.Amit Bikram Shah | |
| | Dr.Yam Bahadur Gurung | | | | Dr.Ashish Pandey | |
| **General Surgery** | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | Dr.Suresh Psd. Sah | Prof.Dr.Rakesh Kr. Gupta | |
| | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | Dr.Sharada Khadka | Dr.Rikesh Jung Karki | |
| | Dr.Rajesh Psd. Sah | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | Dr.Rupesh Psd. Sah | Dr. Abhijeet Kumar | |
| | Dr. Abhijeet Kumar | Dr.Nirmal Psd. Sah | Dr.Bhawani Khanal | Dr.Nirmal Psd. Sah | Dr.Alok Dahal | |
| | Dr.Bhawani Khanal | Dr.Vijay Shrestha | Dr.Samir Chaudhary | Dr.Vijay Shrestha | Dr.Bhawani Khanal | |
| | Dr.Samir Chaudhary | | | | Dr.Samir Chaudhary | |
| **GI Surgery** | | Prof.Dr.Shailesh Adhikary | | Prof.Dr.Shailesh Adhikary | | |
| | | Dr.Kunal Bikram Deo | | Dr.Kunal Bikram Deo | | |
| **CTVS** | | Dr.Lokesh S, Jaiswal | | Dr.Lokesh S. Jaiswal | | |
| | | Dr.Bijay Sah | | Dr.Bijay Sah | | |
| **Otorhinolaryngology and Head & Neck Surgery (ENT)** | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Shyam Thapa Chettri | Prof.Dr.Sangita Bhandary | Prof.Dr.Shyam Thapa Chettri |
| | Dr.Deepak Paudel | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah | Dr.Shankar Psd. Shah | Dr.Deepak Paudel | Dr.Shankar Psd. Shah |
| | Dr.Paras Raj Amatya | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra | Dr.Sudeep Mishra | Dr.Paras Raj Amatya | Dr.Sudeep Mishra |
| **Dermatology& Venerology** | Dr.Nidhi Shah | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal | Dr.Prajwal Pandey | Dr.Dhan Keshar Khadka | Prof.Dr.Sudha Agrawal |
| **Obstetrics &Gynaecology** | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Pappu Rijal | Dr.Baburam Dixit Thapa | Dr.Achala Thakur | |
| | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Ramesh Shrestha | Dr.Tulasa Basnet | | |
| | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | Dr.Baburam Dixit Thapa | | | |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | | | |

***Source: Hospital Administration/Concerned Departments***

## OPD Schedule of B.P. Koirala Institute of Health Science, Dharan, Nepal

| Department | Sunday | Monday | Tuesday | Wednesday | Thursday | Friday |
|---|---|---|---|---|---|---|
| Ophthalmology (Eye) | Prof. Dr. Poonam Lavaju | Dr. Shailesh Mani Pokharel | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Prof. Dr. Poonam Lavaju | Dr. Santosh Chaudhary |
| | Dr. Sangita Shah | Dr. Santosh Chaudhary | Dr. Shailesh Mani Pokharel | | Dr. Sangita Shah | |
| | | | | | Dr. Shailesh Mani Pokharel | |
| Psychiatry | Prof. Dr. Dhana Ratna Shakya | Prof.Dr. Baikuntha Raj Adhikari | Prof. Dr. Dhana Ratna Shakya | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi | Prof.Dr. Baikuntha Raj Adhikari |
| | Dr. Madhur Basnet | Dr. Rinku Gautam Joshi | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr.Madhur Basnet | Dr. Rinku Gautam Joshi |
| | Dr. Sanjeev Kumar Mishra | Dr. Suraj Nepal | Dr. Suren Limbu | Dr. Suren Limbu | Dr.Sanjeev Kumar Mishra | Dr. Suraj Nepal |
| | Dr. Suren Limbu | Dr. Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr.Binod K. Deo (Psychology) | Dr. Rajesh Kumar (Psychology) | Dr. Binod Kumar Deo (Psychology) |
| | Dr. Rajesh Kumar (Psychology) | | | | | |
| Orthopedics | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha | Prof. Dr.Guru Prasad Khanal | Prof. Dr. Pashupati Chaudhary | Prof.Dr. Bikram Prasad Shrestha |
| | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan | Dr. Bishnu Pokharel | Dr. Roshan Prasad Shah Kalawar | Dr. Rajiv Maharjan |
| | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu | Dr. Amit Bikram Shah | Dr. Jitendra Shah | Dr. Amit Limbu |
| | Dr.Pramod Baral | | | Dr.Pramod Baral | | |
| | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung | Dr. Ashish Pandey | | Dr. Yam Bdr. Gurung |
| Internal Medicine | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Robin Maskey | Prof. Dr. Sanjib Kumar Sharma | Dr. Soniya Dulal | Dr. Robin Maskey | Dr. Soniya Dulal |
| | Dr. Bhupendra Shah | Dr. Prashant Mani Tripathi | Dr. Bhupendra Shah | | Dr. Prashant Mani Tripathi | |
| Cardiology | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey | Prof. Dr. Prahlad Karki | Dr. Navin Kumar Pandey |
| Gastroenterology& Hepatology | | Prof. Dr. Bickram Pradhan | | | Prof. Dr. Bickram Pradhan | |
| | | Dr. Sandip Bajracharya | | | Dr. Sandip Bajracharya | |
| Pulmonology,Critical Care and Sleep Medicine | Prof. Dr. Narendra Bhatta | | Prof. Dr. Narendra Bhatta | | | Prof. Dr. Narendra Bhatta |
| | Dr. Deebya Raj Mishra | | Dr. Deebya Raj Mishra | | | Dr. Rejina Shahi |
| | Dr.Rejina Shahi | | Dr. Rejina Shahi | | | |
| | Dr.avatar Verma | | Dr.Avatar Verma | | | |
| General Surgery | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta | Dr. Suresh Prasad Sah | Prof. Dr. Rakesh Kumar Gupta |
| | Dr. Sharada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki | Dr. Sarada Khadka | Dr. Rikesh Jung Karki |
| | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah | Dr. Rupesh Prasad Sah | Dr. Rajesh Prasad Sah |
| | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar | Dr. Nirmal Prasad Sah | Dr. Abhijeet Kumar |
| | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal | Dr. Vijay Shrestha | Dr. Alok Dahal |
| | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal | | Dr. Bhawani Khanal |
| | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary | | Dr. Samir Chaudhary |
| | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle | | Dr.Awaj Kafle |
| GI Surgery | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | | Prof. Dr. Shailesh Adhikary | |
| | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | | Dr. Kunal Bikram Deo | |
| CTVS | | | Dr. Lokesh Shekhar Jaiswal | | Dr. Lokesh Shekhar Jaiswal | |
| | | | Dr. Bijay Sah | | Dr. Bijay Sah | |
| Otorhinolaryngology and Head & Neck Surgery (ENT) | Prof. Dr. Shyam Thapa | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Sangita Bhandari | Prof. Dr. Shyam Thapa | Prof. Dr. Sangita Bhandari |
| | Dr. Shankar Prasad Sah | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel | Dr. Deepak Paudel | Dr. Shankar Prasad Sah | Dr. Deepak Paudel |
| | Dr. Sudeep Mishra | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya | Dr. Paras Raj Amatya | Dr. Sudeep Mishra | Dr. Paras Raj Amatya |
| Dertamatology& Venerology | Prof. Dr. Sudha Agrawal | Dr. Nidhi Sah | Dr. Dhan Keshar Khadka | Dr. Nidhi Sah | Prof. Dr. Sudha Agrawal | Dr. Dhan Keshar Khadka |
| | Dr. Prajwal Pandey | | Dr. Suchana Marahatta | | Dr. Prajwal Pandey | Dr. Suchana Marahatta |
| General Practice& Emergency Medicine | Dr. Rajani Giri | Dr. Rabin Bhandari | Dr. Rabin Bhandari | Dr. Ashok Yadav | Dr. Ajay K. Yadav | |
| | Dr. Ajay Kumar Yadav | Dr. Masum Paudel | Dr. Masum Paudel | Dr. Pramendra Gupta | Dr. Ritesh Chaudhary | |
| | Dr. Ritesh Chaudhary | Dr. Ashok Yadav | Dr. Rajani Giri | Dr. Bijaya Devi Aryal | Dr. Vijay K. Shrivastav | |
| | Dr. Bijaya Devi Aryal | Dr. Pramendra Gupta | Dr. Vijay K. Shrivastav | | | |
| Obstetrics &Gynaecology | Dr. Pritha Basnet | Dr. Pritha Basnet | Dr. Pappu Rijal | Dr. Pappu Rijal | Dr. Achala Thakur | Dr. Achala Thakur |
| | Dr. Baburam (Dixit) Thapa | Dr. Baburam (Dixit) Thapa | Dr. Punita Yadav | Dr. Punita Yadav | Dr. Anamika Das | Dr. Anamika Das |
| | Dr. Ramesh Shrestha | Dr. Ramesh Shrestha | Dr. Manoj Kumar Sah | Dr. Manoj Kumar Sah | Dr. Surya Prasad Rimal | Dr. Surya Prasad Rimal |
| | Dr.Tulasa Basnet | Dr.Tulasa Basnet | Dr. Jyotsna Yadav | Dr. Jyotsna Yadav | | |
| | Dr. Dipa Shah | Dr. Dipa Shah | | | | |
| Pediatrics& Adolescent Medicine | Dr. Shyam Prasad Kafle | Prof. Dr. Gauri S. Shah | Dr. Shipra Chaudhary | Prof. Dr. Nisha Keshari Bhatta | Prof. Dr. Prakash Paudel | Dr. Shankar Prasad Yadav |
| | Dr. Basant Rai | Dr. Shipra Chaudhary | Dr. Mukesh Bhatta | Dr. Arun Kumar Singh | Dr. Shyam Prasad Kafle | Dr. Basant Rai |
| | Dr. Mukesh Bhatta | Dr. Shankar Prasad Yadav | | | | Dr. Arun K. Singh |

***Source : Hospital Administration/Concerned Departments***

### Status of Operations done in Ashad, 2080

| Types of OT | Major | | Intermediate | | Minor | | Total |
|---|---|---|---|---|---|---|---|
| | General | Paying | General | Paying | General | Paying | |
| Routine | 351 | 325 | 53 | 47 | 104 | 44 | 924 |
| Obst. & Gynae | 416 | 42 | 4 | 0 | 31 | 11 | 504 |
| Emergency | 112 | 0 | 20 | 0 | 4 | 0 | 136 |
| Day Care | 0 | 0 | 10 | 34 | 52 | 84 | 180 |
| Derma * | 97 | 22 | 380 | 79 | 335 | 42 | 955 |
| **Total** | **976** | **389** | **467** | **160** | **526** | **181** | **2699** |

General OT : 1969 — *Number of safe abortion care service done : 49*

Paying OT: 917 — *Number of cases done in Cardiac Catheterization Laboratory: 166*

** Asthetic procedures included in minor: 85*

***Source:e Metron Office***

### Dengue Case Record (Month of Ashad, 2080)

**Total Lab Test (Month of Ashad)**
Centra Lab: 1214 **(Positive: 584)**
Emg. Lab: 1888 **(Positive: 1040)**

**Dengue Clinic (29th Ashad to 11th Shrawan):**
Total Test: 1615
**Positive: 1298**

**Death: 9**

**Dengue hospital (till 11th Shrawan)**
Total Admission: 54
Total Discharge: 37

*Source:* **Hospital Administration & Medical Record Section**


## सम्पादन समूह

डा.अन्जु प्रधान, प्रवक्ता

डा.चुरामणी पोखरेल, सह-प्रवक्ता

दिव्यराज थापा, शाखा अधिकृत

निरज पोखेल, सिनियर क्लर्क

सूचना तथा सञ्चार केन्द्र

फोन नं.:०२५-५२५५५५-४०००/२०९२

info.bpkihs@bpkihs.edu

spokesperson.bpkihs@bpkihs.edu